# अन्तःशुल्क (पन्ध्रौं संशोधन) नियमावली, २०७२

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम "अन्तःशुल्क (पन्ध्रौं संशोधन) नियमावली, २०७२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अन्तःशुल्क नियमावली, २०५९ को नियम ६ मा संशोधन :** अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) मदिरा, स्प्रिट, खुदो (मोलासेस) र वियरलाई उत्पादन गरी निष्कासन गर्दाको अवस्थामा नै अन्तःशुल्क लगाई असुल उपर गर्ने गरी भौतिक नियन्त्रण प्रणाली अन्तर्गत निष्कासन गर्न दिइनेछ ।"

(२) उपनियम (२क) मा रहेका "लेखिएको भए तापनि" भन्ने शब्दहरु पछि "चुरोट" भन्ने शब्द थपिएको छ ।

३. **मूल नियमावलीमा नियम १३ङ. थप :** मूल नियमावलीको नियम १३घ. पछि देहायको नियम १३ङ. थपिएको छ :-

"१३ङ. **अन्तःशुल्क फिर्ता सम्बन्धी व्यवस्था :** (१) ऐनको दफा ३ख. को उपदफा (५) बमोजिम अन्तःशुल्क फिर्ता पाउन आन्तरिक राजस्व विभागले तोकेको ढाँचामा अन्तःशुल्क अधिकृत समक्ष दरखास्त पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश हुने दरखास्त साथ विभागले तोके बमोजिमका निर्यात प्रमाणित हुने कागजात पेश गर्नु पर्नेछ ।

(३) ऐनको दफा ३ख. को उपदफा (६) बमोजिम फिर्ता गरिने अन्तःशुल्क रकम बीस हजार रुपैयाँभन्दा बढी भएमा सम्बन्धित व्यक्तिको बैंक खातामा जम्मा हुने गरी चेक मार्फत भुक्तानी गर्नु पर्नेछ ।"

४. **खारेजी :** मूल नियमावलीको नियम ३४क. खारेज गरिएको छ ।

५. **मूल नियमावलीको अनुसूची -२ मा संशोधन :** मूल नियमावलीको अनुसूची-२ को,-

(१) सि. नं. (३) को खण्ड (घ) को दरको महलमा रहेको "रु. ४०,०००।-" भन्ने शब्दहरुको सट्टा "रु. १,०००००।-" भन्ने शब्दहरु राखिएका छन् ।

(२) सि. नं. (३) को खण्ड (ज) झिकिएको छ ।

(३) द्रष्टब्यको प्रकरण (२) र (३) झिकिएको छ ।